फोन नं : ०६७-४३०१०२,१०३,१०४

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**खानीगाउँ, पर्वत**

**गण्डकी प्रदेश, नेपाल**

**प.सं.: ०८१/८२**

**च.नं. :** ७३४

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति :२०८१।०७।२७

**विषय :** पुनः ताकेता गरिएको सम्वन्धमा ।

**श्री सहकारी संस्थाहरु (सबै),**

**फलेवास नगरपालिका , पर्वत ।**

प्रस्तुत विषयमा यस कार्यालयको च.नं ५८८, मिति २०८०।०९।२३ को पत्रवाट फलेवास नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई सात बुँदे निर्देशन सहित बिवरण एवं कागजात उपलव्ध गराउन पत्राचार गरिएकोमा हालसम्म पनि उक्त बिवरण प्राप्त हुन नआएको तथा निर्देशन पूर्ण पालना भएको नपाईएकोले उक्त निर्देशनको पूर्ण पालना गर्नुका साथै प्रचलित सहकारी ऐन, नियम र सहकारी संस्थाको विनियमको परिधिभित्र रहि साधारणसभा गर्न, लेखापरिक्षण गर्न, करचुक्ता गर्न, ऋण लगानी तथा असुली गर्न, वचत संकलन तथा फिर्ता गर्न अनुरोध छ । साथै तोकिएको ढाँचामा विवरण तथा लेखापरिक्षण प्रतिवेदन, पछिल्लो साधारण सभाको उपस्थिति एवं निर्णय, स्वेतपत्र, वचत फिर्ता कार्ययोजना लगायतका कागजातहरु १५ दिनभित्र उपलव्ध गराउनुहुन समेत अनुरोध गरिन्छ । साथै सहकारी संस्थाहरुको बिवरण उपलव्ध गराउने ढाँचा र यस कार्यालयको च.नं ५८८, मिति २०८०।०९।२३ को सात बुँदे निर्देशन पत्र यसैसाथ संलग्न गरि पठाईएको छ ।

वोधार्थ :

श्री वडा कार्यालयहरु (सबै), फलेवास नगरपालिका : तहाँ कार्यालयवाट समेत पत्राचार गरि नियमन, अनुगमन समेत गर्नुहुन ।

कार्यार्थ :

श्री वडा सचिवहरु (सबै), फलेवास नगरपालिका : आवश्यक समन्वय र सहजीकरण गरि कागजात एवं विवरण उपलव्ध गराउनुहुन ।

२०८१।६।२८

**विष्णु प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner

नगर कार्यपालिकाको कार्या
गण्डकी प्रदेश,
२०७२

## सहकारी संस्थाहरु सँग सम्बन्धित विवरण

| क्र. स. | सहकारी संस्थाको नाम, ठेगाना | सहकारीको प्रकार | पछिल्लो साधारण सभा भएको मिति | आबद्ध शेयर सदस्यहरुको संख्या | बचतकर्ताको संख्या | सदस्यहरुको कुल बचत रकम | कुल ऋण प्रवाह | भाका नाघेको ऋण रकम | भाका नाघेका ऋणीहरुको संख्या | एकाघरका सदस्यअरु अलग अलग ऋणि भए/ नभएको | एउटा सदस्यलाई एक पटक भन्दा बढी ऋण लगानी भए/नभएको | अर्को सहकारीमा सदस्य रहेको व्यक्ति यो सहकारीमा रहेको संख्या | एउटा सहकारीको संचालक एकै घरका सदस्य भएको/नभएको | व्यवस्थापनका कार्यरत कर्मचारी संख्या | कोपोमिस आवद्ध भएको/नभएको | अध्यक्षको नाम, फोन नं, ईमेल, संस्थाको email ठेगाना |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

दस्तखत

सहकारी सँस्थाको सचिव

दस्तखत

सहकारी सँस्थाको कोषाध्यक्ष

सहकारी सँस्थाको छाप

दस्तखत

सहकारी सँस्थाको अध्यक्ष

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७९/८०

च.नं. : ५८८

मिति :२०८०/०९/२३

**विषय : निर्देशन सम्बन्धमा ।**

श्री सहकारी संस्थाहरु सबै ( फलेवास नगरपालिका )

प्रस्तुत सम्बन्धमा फलेवास नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरुले प्रचलित सहकारी सम्बन्धी ऐन, नियम तथा सहकारीको मूल्यमान्यता तथा सिद्धान्त अनुसार सहकारी संस्था संचालन गर्न देहाय बमोजिम गर्नुहुन अनुरोध गरिन्छ ।

देहाय

१.फलेवास नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरुले पौष मसान्त सम्मको संस्थाको दायित्व, लगानी तथा सम्पति लगायतका वित्तीय विवरण समेटिएको स्वेतपत्र २०८० माघ १० सम्म जारी गरी त्यसको एक प्रति यस कार्यालयमा पेश गर्ने ।

२.सहकारी संस्थाहरुले २०८० चैत्र मसान्त भित्र माग अनुसारको सम्पुर्ण बचत रकम फिर्ता गर्ने बचत फिर्ता कार्ययोजना बनाई २०८० माघ १० भित्र यस कार्यालयमा पेश गर्ने ।

३.सहकारी संस्थाको संचालक समिति तथा लेखा सुपरिवेक्षक समितिका सदस्यहरु र व्यवस्थापकको सम्पति विवरण २०८० माघ १० भित्र प्रचलित कानुन अनुसार पेश गर्ने ।

४.सहकारी संस्थाको विवरण अनिवार्य रुपमा कोपोमिस प्रणालीमा प्रविष्टी गर्ने ।

५.सहकारी संस्थाको मासिक बिबरण अनिवार्य रुपमा प्रत्येक महिनाको ७ गते भित्रमा कोपोमिस प्रणालीमा /कार्यालयमा पेश गर्ने ।

६.प्रचलित सहकारी ऐन तथा नियम अनुसार सहकारी संस्थाले साधरण सभा गर्ने तथा संस्थाको लेखापरीक्षण गरि प्रतिवेदन कार्यालयमा पेश गर्ने ।

७.सहकारी संस्थाहरुले प्रचलित सहकारी ऐन तथा नियम भएका व्यवस्थाहरुको पुर्ण रुपमा पालना गर्ने, गराउने ।

बोधार्थ :

श्री वडा कार्यालय सबै ( फलेवास नगरपालिका १ देखि ११ ) : आवश्यक समन्वय तथा सहजिकरण गर्नुहुन ।

ऋषिराम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner